# राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission, Nepal

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## संवाहक (SAMBAHAK) मानव अधिकार शोध-पत्रिका (Human Rights Journal) मा लेख उपलब्ध गराउने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : ५ श्रावण, २०८३**

आदरणीय लेखकज्यूहरू !

राष्ट्रिय मानव अधिकार आयोगबाट "संवाहक" (A Peer Reviewed Journal) मानव अधिकार शोध-पत्रिका नियमित रूपमा प्रकाशन हुँदै आएको व्यहोरा यहाँहरूलाई विदितै छ। यसै क्रममा २६औं अङ्क पूर्वीय चिन्तन र मानव अधिकार विशेषाङ्कको रूपमा प्रकाशन भएको छ। २७औं अङ्कका लागि **मानव अधिकारका विविध समसामयिक विषयमा** खोजमूलक लेख उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध छ। लेख मिति २०८३ मङसिर मसान्तभित्र (Email: sambahak@nhrcnepal.org)मा प्राप्त भइसक्नुपर्नेछ। प्राप्त लेख प्रकाशन गर्ने/नगर्ने अन्तिम सर्वाधिकार आयोगमा सुरक्षित रहनेछ।

### समावेश गरिनुपर्ने आधारभूत पक्षहरू

### (क) लेख विशेष

लेख पठाउँदा तपसीलमा उल्लिखित मापदण्ड अवलम्बन गर्नुहुन अनुरोध छ :

- शोध-पत्रिका संवाहकको लागि प्राप्त हुने लेखहरू मानव अधिकारसँग सम्बन्धित हुनुपर्नेछ।
- लेखकले आफ्ना लेख सम्पादन समितिलाई सूचनामा उल्लेख गरिएबमोजिमको मितिमा इमेलमार्फत उपलब्ध गराउनुपर्नेछ।
- यस शोध-पत्रिकालाई प्रेषित लेख सम्पादन-समितिलाई विना जानकारी अन्यत्र प्रकाशनार्थ दिन पाइने छैन। अन्यत्र प्रकाशन भएको खण्डमा लेखकलाई पारिश्रमिक उपलब्ध गराइने छैन साथै आयोगको अभिलेखमा समेत राखिने छ।
- शोध-पत्रिकाको लागि प्राप्त लेखहरू तपसीलबमोजिमको निर्धारित ढाँचामा हुनुपर्नेछ :
    - सार-सङ्क्षेप (Abstract)
    - परिचय वा पृष्ठभूमि (Introduction or Background)

- अनुसन्धानात्मक लेखको उद्देश्य/प्रश्न (Research Objectives/Questions)
- विधि (Methodology)
- विश्लेषण (Analysis)
- निष्कर्ष (Conclusion) /सुझावहरू (Recommendations)
- सन्दर्भ-सामग्रीहरू (References)

- सार-सङ्क्षेप १५० देखि २५० शब्दबीचमा हुनुपर्नेछ।
- लेख न्यूनतम ५००० (पाँच हजार) शब्दको हुनुपर्नेछ।
- उद्धरण (Citation) र सन्दर्भ सामग्रीहरू (References) American Psychological Association (APA) को सातौं संस्करण (7th Edition) अनुसार हुनुपर्नेछ।
- लेखमा यथाशक्य प्राथमिक स्रोत (Primary Source) को प्रयोग गर्नुपर्नेछ। प्राथमिक स्रोत उपलब्ध हुन नसक्ने अवस्थामा मात्र द्वितीय स्रोत (Secondary Source) लाई प्रयोगमा ल्याउन सकिनेछ।
- लेख प्रेषित गर्दा नेपालीमा कालिमाटी र अङ्ग्रेजीमा टाइम्स न्यू रोमन (Times New Roman) अक्षर (Font) र आकार (Size) १२ मा हुनुपर्नेछ।

**(ख) लेखकको विवरण**

१. नामः

२. शैक्षिक योग्यताः

३. संलग्न संस्था/स्वतन्त्र व्यक्तिः

४. विषय-विज्ञताः

५. इमेलः

६. फोन नं. :